This VIS translation is out of date. When you give your patient this translation, also give them the up-to-date English version of it.
To get both, and to find out what was updated, go to www.immunize.org/vis

# पोलियोको खोप

## तपाईले के थाहा पाउन आबश्यक छ

धेरै खोपका जानकारीको बिबरणहरु स्पानिस तथा अरु भाषाहरुमा उपलब्द छन् । www.immunize.org/vis हेर्नुहोस् ।

## 1 पोलियो भनेको के हो ?

**पोलियो भाइरसका कारणवाट हुने एउटा रोग हो ।** वच्चाको (वा वयस्क व्यक्तिको) मुखवाट यो रोग निजको शरीरमा प्रवेश गर्दछ । कहिले कहिले यस्ले सिकिस्त विरामी वनाउदैन । तर कहिले कहिले भने यस्ले *पक्षघात (प्यारालाइसिस)* गराउदछ (हात वा खुट्टा चल्न नसक्ने) । यो रोग लागेको व्यक्तिहरुलाई यसले मार्न पनि सक्दछ, अक्सर गरेर सास फेर्न सहयोग पुऱ्याउने मांसपेशीहरुलाई पक्षघात गराएर यसले ज्यान लिने गर्दछ ।

सम्युक्त राज्यमा पोलियो आम रुपमा हुने गर्दथियो । यस्को खोप हामीले लगाउन थाल्नु भन्दा पहिले नै वर्षमा हजारौ मानिसहरुलाई यसले पक्षघात गरायो तथा माऱ्यो ।

## 2 खोप किन लिने ?

**निस्कृय पारिएको पोलियोको खोप (Inactivated Polio Vaccine (IPV)) ले पोलियोलाई रोक्न सक्दछ ।**

**इतिहास :** 1916 मा भएको पोलियोको महामारीवाट सम्युक्त राज्यमा 6,000 मानिसको मृत्यु भयो तथा 27,000 भन्दा वढी मानिसहरुलाई पक्षघात भयो । 1950 को दशकको शुरु अवस्थामा प्रत्येक वर्ष 20,000 पोलियोका केसहरु हुने गरेका थिए । **पोलियोको खोप लगाउने काम 1955 मा शुरु भयो ।** 1960 सम्ममा पोलियो हुने को संख्या घटेर 3,000 मा पुग्यो र 1979 मा यस्को संख्या करीव 10 मात्र भेटियो । पोलियोको खोप लगाउदा प्राप्त भएको यस सफलताले गर्दा सम्युक्त राज्य र अरु देशहरुमा समेत पोलियो उन्मुलन गर्नका लागि गरिने विश्वव्यापी प्रयास द्रुत गतिमा फैलियो ।

**हाल :** 20 वर्षयता सम्युक्त राज्यमा पोलियो फैलिएको कुरा थाहा हुन आएको छैन । तर पनि संसारको कुनै भागमा यो रोग अझै आम रुपमा विद्यमान छ । अर्को देशवाट आएको एउटा मात्र पोलियोको केसले पनि, यदि हामीले खोप लगाएर आफूलाई सुरक्षित राखेनौ भने, यस रोगलाई फेरि फीर्ता ल्याउने छ । संसारवाट पोलियो रोग उन्मुलन गर्ने प्रयाश सफल भएमा कुनै दिन हामीलाई पोलियो खोप नचाहिने हुन सक्दछ । त्यति वेला सम्मका लागि हामीले आफ्नो केटाकेटीहरुलाई खोप दिइ राख्नु पर्दछ ।

## 3 पोलियोको कस्ले र कहिले लिने ?

IPV सुइवाट लिने खोप हो, उमेर हेरी यो खुट्टा वा पाखुरामा लगाइन्छ । अरु खोपहरु दिदा जस्तै पोलियोको खोप पनि साथसाथै दिन सकिन्छ ।

**केटाकेटीहरु**
प्राय सवै मानिसहरुले केटाकेटी अवस्थामा नै पोलियोको खोप लिनु पर्दछ । केटाकेटीहरुलाई IPV को 4 मात्रा निम्नानुसार दिइन्छ :

- ✓ 2 महीनामा एक मात्रा
- ✓ 4 महीनामा एक मात्रा
- ✓ 6 देखि 18 महीनाको वीचमा एक मात्रा
- ✓ 4 देखि 6 वर्ष भित्रमा वुस्टर (प्रभाववर्धक) मात्रा

**वयस्क व्यक्तिहरु**
केटाकेटी अवस्थामा नै खोप लगाइ सकिने हुँदा अधिकांश वयस्क व्यक्तिहरुलाई पोलियोको खोपको आवश्यकता पर्दैन । तर पनि वयस्क व्यक्तिहरुको निम्न तीन समूह उच्च जोखिममा रहन्छन् र उनीहरुले पोलियोको खोप लिने कुरामा विचार गर्नु *पर्दछ* :

(1) आम रुपमा पोलियो रहेको संसारको कुनै पनि ठाउमा घुम्न जाने व्यक्तिहरु,
(2) पोलियोको भाइरस सम्वन्धी काम गर्ने प्रयोगशालाका कर्मचारीहरु, तथा
(3) पोलियो लागेका विरामीहरुको उपचार गर्ने स्वास्थ्य उपचार सेवाका कार्यकर्ताहरु ।

यी समुहमा पर्ने वयस्क व्यक्तिहरु जस्ले **पहिले पोलियो विरुद्धको खोप कहिल्यै लिएका छैनन्** तिनीहरुले IPV को 3 मात्रा निम्न वमोजिम लिनु पर्दछ :

- ✓ पहिलो मात्रा जुनसुकै वेलामा
- ✓ दोश्रो मात्रा त्यो लिएको 1 देखि 2 महीना पछि
- ✓ तेश्रो मात्रा दोश्रो मात्रा लिएको 6 देखि 12 महीना पछि

यी समूहमा पर्ने वयस्क व्यक्तिहरु जस्ले पहिले **1 वा 2 मात्रा** पोलियोको खोप लिइसकेका छन् उनीहरुले लिन वाँकी 1 वा 2 मात्रा खोप पनि लिनु पर्दछ । पहिलेको मात्रा (हरु) जति नै अगाडि लिएको भए पनि त्यस्ले केही फरक पार्दैन ।

यी तीन समूहमा पर्ने वयस्क व्यक्तिहरु जस्ले पोलियोको खोपको **3 वा वढी मात्रा** (IPV होस वा OPV) पहिले लिइ सकेका छन् उनीहरुले पनि IPVको वुस्टर (प्रभाववर्धक) मात्रा लिन सक्नेछन् ।

वढी जानकारी लिनका लागि आफ्नो स्वास्थ्य उपचार प्रदायकसंग सोध्नुहोस ।

**मुखवाट लिने पोलियोको खोप : अहिले यसलाई सिफारिश गरिदैन**

पोलियोको खोपहरु दुई किसिमका छन् : **IPV**, यो सुइवाट लगाउने हो र यसलाई लगाउनका लागि सम्युक्त राज्यमा हाल सिफारिश गरिएको छ तथा अर्को हो जीवन्त, मुखवाट लिने खोप **(OPV)** । यो थोपामा हुन्छ र मुखमा हालेर निल्ने गरी यसलाई खुवाइन्छ ।

हालसालै सम्म पनि सम्युक्त राज्यमा अधिकांश केटाकेटीहरुलाई OPV खुवाउन सिफारिश गरिन्थ्यो । OPVले पोलियो भएका देशहरुलाई यस रोगवाट छुटकरा दिलाउनका निम्ति हामीलाई सहयोग पुऱ्याएको छ र यो अझै पनि संसारको धेरै भागमा प्रयोगमा ल्याइदैछ ।

दुवै खोपहरुले पोलियोवाट उन्मुक्ति दिन्छन्, तर अरु मानिसहरुमा रोग फैलनवाट रोक्नका लागि OPV राम्रो हुन्छ । तथापि केही मानिसहरुलाई (करीव 24 लाखमा एक जनालाई) OPV ले पोलियो रोग लगाउदछ । सम्युक्त राज्यमा पोलियो हुने सम्भावना अहिले अति नै कम भएकोले, सीमित परिस्थितिहरुमा वाहेक जुन तपाईको चिकित्सकले वर्णन गर्ने छन् अरु अवस्थामा सामान्य जोखिमको कारणले गर्दा पनि मुखवाट लिने पोलियोको खोपलाई प्रयोग गर्नु अव उचित छैन भन्ने कुरामा विज्ञहरुले विश्वास गर्दछन् । पोलियोको सुइ (IPV) लगाउदा यसवाट पोलियो हुदैन । **यदि तपाई वा तपाईको वच्चाले OPV लिदै हुनुहुन्छ भने ओपिभी सप्लीमेन्टल भ्याक्सिन इन्फरमेशन स्टेटमेन्ट ओपिभीको परिपूर्ति गर्ने खोप सम्वन्धी सूचनाको विवरण (OPV supplemental Vaccine Information Statement) को एक प्रति दिनुहोस भनी सम्वन्धित संग माग्नुहोस ।**

This VIS translation is out of date. When you give your patient this translation, also give them the up-to-date English version of it.
To get both, and to find out what was updated, go to www.immunize.org/vis

## 4 केही मानिसले IPV लागाउन हुदैन वा यो लगाउनका लागि पर्खनु पर्दछ ।

**यी मानिसहरुले IPV लगाउनु हुदैन :**

- एन्टीवायटिक औषधि **नियोभाइसिन, स्ट्रेप्टोमाइसिन वा पोलिमाइक्सिन बि** लिएको कारणले पहिले ज्यान कै खतरा हुने किसिमले एलर्जीको प्रतिक्रिया भएका जोकोही व्यक्तिले पनि पोलियोको सुइ लगाउनु हुदैन ।
- एक पटक पोलियोको सुइ लगाए पछि त्यसवाट एलर्जीको प्रतिक्रिया हुन गएको जोकोही व्यक्तिले पनि पोलियोको अर्को सुइ लगाउनु हुदैन ।

**यी मानिसहरुले पर्खनु पर्दछ :**

- सुइ लगाउन भनी निश्चित गरी तोकिएको समयमा कुनै पनि व्यक्ति सामान्य प्रकारले वा गम्भीर प्रकारले विरामी भएमा पोलियोको खोप लगाउनु भन्दा अघि आफू निको नभए सम्म निजले यो लगाउन पर्खनु पर्दछ । सानोतिनो विरामी भएका व्यक्तिहरुलाई खोप लगाइ दिन ***सकिन्छ*** जस्तो रुघा लागेकाहरुलाई ।

वढी जानकारी लिनका लागि आफ्नो स्वास्थ्य उपचार प्रदायकसंग सोध्नुहोस ।

## 5 IPV वाट के जोखिमहरु हुन्छन् ?

केही मानिसहरुलाई IPV को सुइ लगाएको ठाउमा दुख्ने गर्दछ । हाल लगाइने गरिएको खोपवाट गम्भीर समस्याहरु खडा गरेको कुरा कहिल्यै थाहा हुन आएको छैन र यसवाट प्रायजसो मानिसहरुलाई कुनै पनि किसिमका समस्याहरु हुदैनन् ।

तथापि, अरु कुनै औषधिले गरे जस्तै गरी खोपले पनि एलर्जीवाट हुने कडा प्रतिक्रिया जस्तो गम्भीर समस्या खडा गर्न सक्दछ । *पोलियो सुइ लगाउदाहुने गम्भीर किसिमको नोक्सानी वा मृत्यु हुने कुराको जोखिम नगन्य मात्रै छ ।*

## 6 गम्भीर खालको प्रतिक्रिया भएमा के गर्ने ?

### मैले कुन कुराहरुको बिचार गर्नु पर्दछ ?

कुनै पनि असामान्य स्थितिलाई हेर्नुहोस जस्तो एलर्जीवाट गम्भीर खालको प्रतिक्रिया भएको, उच्च ज्वरो आएको वा असामान्य व्यवहार देखाएको ।

यदि एलर्जीले गर्दा गम्भीर रुपमा प्रतिक्रिया हुने भए सुइ लगाएको केही मिनेट वा केही घण्टा पछि यो भैसक्नु पर्दछ । एलर्जीले गर्दा हुने गम्भीर खालका प्रतिक्रियाहरुको लक्षणहरुमा यी कुरा पर्दछन् - सास फेर्न अपठेरो हुने, कमजोरी हुने, स्वर धोत्रो हुने वा ध्यारध्यार गर्ने, मुटु छिटो छिटो धड्कने, चिलाउने खालका डावरहरु निस्कने, चक्कर लाग्ने, पहेलो हुने वा घाटी सुन्निने ।

### मैले के गर्नु पर्छ ?

- चिकित्सकलाई **फोन गर्ने** वा बिरामीलाई तुरुन्तै चिकित्सक काहाँ लिएर जाने ।
- चिकित्सकलाई के भएको, भएको समय र मिति तथा खोप लिएको समय पनि **बताउने** ।
- भ्याक्सिन एडभर्स इभेन्ट रिपोर्टिङ सिस्टम (Vaccine Adverse Event Reporting System, VAERS) फाराम भरेर प्रतिक्रियाको जाहेरी दर्ज गरी दिनका लागि आफ्नो चिकित्सक, नर्स वा स्वास्थ्य विभागलाई **भन्नुहोस** ।

  अथवा तपाई आफै VAERSको वेवसाईट www.vaers.hhs.gov बाट वा **1-800-822-7967** मा फोन गरेर यो रिर्पोट गर्न सक्नु हुने छ ।

  *VAERS ले स्वास्थ्य सम्वन्धी कुरामा सुझाव दिदैन ।*

उत्पन्न प्रतिक्रियाहरुको वारेमा प्रतिवेदन दिदा खोपवाट उत्पन्न हुने समस्याहरुका वारेमा बिशेसज्ञहरुलाई वुझ्न सहयोग पुग्दछ ।

## 7 खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम

तपाई र तपाईको वच्चालाई र अरु व्यक्तिलाई खोपवाट हुने प्रतिक्रियाको विरलै घटने घटना वापत यसरी क्षति पुगेको व्यक्तिलाई सहयोग गर्ने हेतुले निजको उपचारमा लागेको रकम तिर्नका लागि एउटा संघीय कार्यक्रमको तर्जुमा भएको छ ।

खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम (National Vaccine Injury Compensation Program) को वारेमा विस्तृत जानकारी लिन नं. 1-800-338-2382 मा फोन गर्नुहोस वा उक्त कार्यक्रमको वेवसाइट **www.hrsa.gov/vaccinecompensation** हेर्नुहोस

## 8 मैले अन्य कुराहरु कसरी सिक्ने ?

- आफ्नो चिकित्सक वा नर्सलाई सोध्नुहोस । उनीहरुले तपाईलाई भित्र खमिएको भ्याक्सिन सम्वन्धी प्याकेज दिन सक्नेछन् वा सूचनाको अन्य श्रोतहरुका वारेमा सुझाव दिन सक्नेछन् ।
- आफ्नो स्थानीय वा राज्यको स्वास्थ्य विभागलाई फोन गर्नुहोस ।
- रोग नियन्त्रण तथा निवारण केन्द्र (CDC) मा सर्म्पक गर्ने :
  - नं. **1-800-232-4636 (1-800-CDC-INFO)** मा फोन गर्नुहोस
  - राष्ट्रिय खोप कार्यक्रम (National Immunization Program) को निम्न वेवसाइट प्रयोग हेर्नुहोस : **www.cdc.gov/vaccines**

U.S. DEPARTMENT OF HEALTH & HUMAN SERVICES
Centers for Disease Control and Prevention

Vaccine Information Statement
Polio Vaccine NP - Nepali (1/1/2000) 42 U.S.C. § 300aa-26
Translated by Transcend Translations, Davis, CA www.transcend.net